MIDAS
STOCK BROKING COMPANY
21 BROKER NO

# Details of Natural Person
# प्राकृतिक व्यक्तिको परिचय विवरण

अनुसूची–१२

(नियम २९ को उपनियम (१) संग सम्बन्धित)

## कार्यालय प्रयोजनको लागि मात्र / For Official Use Only

| | | | |
|---|---|---|---|
| ग्राहक संकेत नं.:<br>Client's Code No.: | | | |
| सिफारिश कर्ताः<br>Referred by: | | मितिः<br>Date: | |

हालसालै खिचिएको फोटो

तल उल्लेखित सम्पूर्ण विवरण राम्रोसंग भर्नु पर्नेछ । आफुसँग सरोकार नभएको विवरण उल्लेख गर्ने कोठामा तेर्सो धर्का तानिदिनु होला ।

Please complete all details and strike out the non-applicable fields / boxes.

Midas Stock Broking Company Pvt. Ltd. Branch:

## ग्राहकको विवरण / Details of Client

नाम
Name (Block Letters)

जन्म मिति / Date of Birth — वि.सं. / B.S. — ई.सं. / A.D.

लिङ्ग / Gender — पुरुष / Male — महिला / Female — अन्य / Others — विवाहित / Married

राष्ट्रियता / Nationality — नेपाली / Nepalese — अन्य (खुलाउने) / Others (if any) — अविवाहित / Unmarried

नागरिकता नम्बर / Citizenship No. — जारी जिल्ला / Issue District — जारी मिति / Issue Date

हितग्राही खाता खोलिएको संस्थाको नाम
Demat Account Opening Company Name:

हितग्राही खाता नं.
Demat Number:

स्थायी लेखा नं. / PAN No. — राष्ट्रिय परिचय पत्र नं. / National ID No.

गैरआवासिय नेपालीको हकमा परिचयपत्र नं. र ठेगाना
Identification No. and Address (In case of NRN)

## हालको ठेगाना / Current Address

देश / Country — प्रदेश / Province — जिल्ला / District — गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. / R. Mun/Mun/Sub Met/Met

वडा नं. / Ward No. — टोल / Tole — टेलिफोन नं. / Tel No. — मोबाईल नं. / Mobile No.

ईमेल / Email — Social Media Type and Username

.................................................
ग्राहकको हस्ताक्षर / Client's Signature

## स्थायी ठेगाना / Permanent Address

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रदेश | | टोल | | जिल्ला | | गा.पा./न.पा./ उ.म.न.पा./म.न.पा. | |
| Province | | Tole | | District | | R. Mun/Mun/Sub Met/Met | |
| वडा नं. | | ब्लक नं. | | टेलिफोन नं. | | मोबाईल नं. | |
| Ward No. | | Block No. | | Tel. No. | | Mobile No. | |

## परिवारका सदस्यहरुको विवरण / Details of Family Members

ठाँउ नपुग भएमा थप गर्न सकिने

| | |
|---|---|
| बुबाको नाम<br>Father's Name<br>(BLOCK LETTERS) | |
| बाजेको नाम<br>Grand Father's Name | |
| आमाको नाम<br>Mother's Name | |
| पति/पत्नीको नाम<br>Spouse's Name | |
| छोराको नाम<br>Son's Name | |
| छोरीको नाम (अविवाहित)<br>Daughter's Name (Unmarried) | |
| बुहारीको नाम<br>Daughter in Law's Name | |
| ससुराको नाम<br>(विवाहित महिलाको हकमा)<br>Father in Law's Name<br>(Incase of married women) | |
| सासुको नाम<br>(विवाहित महिलाको हकमा)<br>Mother in Law's Name<br>(Incase of married women) | |

## बैंक खाताको विवरण / Bank Account Details

| | | | | |
|---|---|---|---|---|
| बैंक खाताको किसिम<br>Type of Bank Account | ☐ | बचत खाता<br>Saving Account | ☐ | चल्ती खाता<br>Current Account |

| | |
|---|---|
| बैंक खाता नम्बर<br>Bank Account Number | |
| बैंक खाता भएको बैंकको नाम र ठेगाना<br>Name & Address of Bank | |

...................................................
ग्राहकको हस्ताक्षर / Client's Signature

## पेशागत विवरण / Details of Occupation

**पेशा / Occupation**

- ☐ सेवा / Service
- ☐ सरकारी / Govt.
- ☐ सार्वजनिक/निजी क्षेत्र / Public/Private Sector
- ☐ एन.जी.ओ./आई.एन.जी.ओ / NGO / INGO
- ☐ विशेषज्ञ / Expert
- ☐ व्यापारी / Businessperson
- ☐ कृषि सेवा / Agriculture
- ☐ विद्यार्थी / Student
- ☐ गृहिणी / Housewife
- ☐ सेवा निवृत्त / Retired
- ☐ अन्य / Others

**व्यापारको प्रकार / Type of Business**

- ☐ उत्पादन / Manufacturing
- ☐ सेवामुखी / Service Oriented
- ☐ अन्य / Others

संस्थाको नाम / Organization's Name: ______ ठेगाना / Address: ______

पद / Designation: ______ कर्मचारीको हकमा कर्मचारी परिचयपत्र नं. / ID No of Employee: ______

**आर्थिक विवरण आयको सीमा (वार्षिक विवरण) / Financial Details/ Income Limit (Annual Details)**

- ☐ रू. ५,००,००० सम्म / Upto Rs. 5,00,000
- ☐ रू. ५,००,००१ देखि १०,००,००० सम्म / From Rs. 5,00,001 To Rs. 10,00,000
- ☐ रू. १०,००,००० भन्दा माथि / Above Rs. 10,00,000

धितोपत्र खरिद बिक्री गर्ने मुख्य उद्देश्यले इन्भेष्टमेन्ट कम्पनीमा संलग्न / Involvement in Investment companies which were established for securities trading ☐ छ / Yes ☐ छैन / No

(भएमा देहाय बमोजिमको विवरण उल्लेख गर्नु पर्ने ।) (If yes mention below)

कम्पनीको नाम / Name of the Company: ______

पदः / Designation: ☐ सञ्चालक / Director ☐ पदाधिकारी / Executive ☐ शेयरधनी / Shareholder ☐ कर्मचारी / Employee ☐ अन्य / Other

## कारोबार सम्बन्धि थप विवरण / Transaction Related Additional Information

१. आम्दानीको स्रोत ☑ लगाउनु होसः व्यवसायीक ☐ तलब/पारिश्रमिक ☐ लगानी प्रतिफल ☐ घर भाडा ☐ धितोपत्र कारोबार ☐ विप्रेषण ☐ पैतृक ☐ ब्याज ☐ अन्य भए उल्लेख गर्नुहोस् ☐ ..........

२. अन्य धितोपत्र दलाल कम्पनीमा कारोबार गर्ने गरेकोः छैन ☐ छ ☐

छ भने कम्पनीको नामः .......... ग्राहक कोडः ..........

३. तपाई कर्जा सूचना केन्द्र (सुरक्षण निगम) लि. को कालोसूचीमा रहनु भएको छ ? छैन ☐ छ ☐

## बहालमा बस्नेको हकमा

घर धनीको नामः..........

टेलिफोन नं.:.......... मोबाईल नं.:.......... जिल्लाः..........

मनपा/उपमनपा/नपा/गाविसः.......... वडा नं.:..........

टोलः.......... घर नं.:..........

## संरक्षकको विवरण (नाबालकको हकमा मात्र / Guardian's Details (In case of Minor)

नाम/थर / Name / Surname (IN BLOCK LETTER): ______

निवेदकसंगको सम्बन्ध / Relationship with applicant: ______

पत्राचार ठेगाना / Correspondence Address: ______

[हालसालै खिचिएको संरक्षकको फोटो]

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| देश / Country | | प्रदेश / Province | | जिल्ला / District | | गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. / R. Mun/Mun/Sub Met/Met | |
| वडा नं. / Ward No. | | टोल / Tole | | टेलिफोन नं. / Tel No. | | मोबाईल नं. / Mobile No. | |
| ईमेल / Email | | स्थाई लेखा नं. / PAN No. | | फ्याक्स नं. / Fax No. | | | |

..........
संरक्षकको हस्ताक्षर / Guardian's Signature

..........
ग्राहकको हस्ताक्षर / Client's Signature

## Site MAP

**#Location Map - Sketch/Google Map (As per Current Address):** N

Nearest Landmark ........................................................................................ and distance to Address (In Meters) .................

## सम्पत्ति शुद्धिकरण तथा आतंककारी क्रियाकलापमा वित्तिय निवारण सम्बन्धी थप विवरण

१. के तपाई राजनैतिक वा उच्च पदस्थ व्यक्ति हुनुहुन्छ ? हो ☐ होईन ☐

२. के तपाई राजनैतिक वा उच्च पदस्थ व्यक्तिसंग सम्बन्धित हुनुहुन्छ ? छु ☐ छैन ☐

सम्बन्धित राजनैतिक/उच्च पदस्थ व्यक्तिको नाम...................................................... तपाईसंगको सम्बन्ध......................

३. के तपाईको हिताधिकारी व्यक्ति छ ? छैन ☐ छ ☐

हिताधिकारी व्यक्तिको नाम.................................................................................... तपाईसंगको सम्बन्ध......................

४. के तपाई विगतमा कुनै सम्बद्ध कसुरमा दोषी प्रमाणित हुनु भएको छ ? छैन ☐ छ ☐

सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (श) बमोजिम कसुरहरू छ भने कृपया उल्लेख गर्नुहोस..........................................................................................................................

## धितोपत्र कारोबारको सम्बन्धमा तपशिल बमोजिमको स्वघोषणा गर्दछु ।

१. म/हामीले धितोपत्र खरिदका लागि प्रयोग गर्ने रकम सम्पत्ती शुद्धिकरण सम्बन्धी प्रचलित कानुन विपरित आर्जन गरेको हुने छैन ।
२. धितोपत्रमा गरिएको लगानीमा निहित जोखिमको सम्बन्धमा जानकार छु ।
३. म/हामीले खरिद गरेका धितोपत्रहरू वापतको भुक्तानी लिने दिने कार्य तोकिएको समय भित्र गर्ने छु ।
४. म/हामीले धितोपत्र सम्बन्धि तथा अन्य प्रचलित नियम कानुनहरूको पालना गर्नेछु ।
५. म/हामी कर्जा सुचना केन्द्रको कालो सुचीमा रहेको छु/छैन ।
६. सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ र यस अन्तर्गत जारी भएका नियमावलि तथा निर्देशन आदिबाट माग भए अनुसारका सूचना, विवरण तथा कागजातहरू कम्पनीलाई उपलब्ध गराउने छु/छौं ।
७. कम्पनीलाई गर्नुपर्ने भुक्तानी नगरि बाँकी राखेको कारणबाट मेरो/हाम्रो कारोबार अन्य धितोपत्र दलाल कम्पनीहरूमा समेत निलम्बन गर्न पत्राचार वा परिपत्र गर्न मेरो/हाम्रो मञ्जुरी छ ।

## संलग्न गर्नु पर्ने कागजात (Required Documents for Account Opening)

| | |
|---|---|
| १. नेपाली नागरिकहरूको हकमा नागरिकताका प्रमाणपत्रको प्रतिलिपी । | 1. Verified copy of nepali citizenship. |
| २. हितग्राही पुष्टिकरण पत्र । | 2. Demat Confirmation Letter (Can include screen shot of meroshare details verifying your demat no. and registered account name). |
| ३. कुनै संस्थाको कर्मचारी रहेको हकमा कर्मचारी परिचयपत्रको प्रतिलिपी । | 3. Employee ID card. |
| ४. अन्य देशको नागरिकको हकमा पासपोर्टको प्रतिलिपी । | 4. Verified copy of passport if foreign citizen. |
| ५. नाबालकको हकमा संरक्षक तथा नाबालक दुबैको फोटो । | 5. For minor's application: photo of minor and guardian. |
| ६. कानूनी संरक्षक भए सो सम्बन्धी कागजात । | 6. Documents related to legal guardianship if applicable. |
| ७. आमा वा बाबु संरक्षक भएमा छोरा वा छोरीको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी । | 7. Birth certificate of children if the guardian is either father or mother. |
| ८. निवेदकको हस्ताक्षर तथा औंठा छापमा संरक्षकको हस्ताक्षर तथा औंठा छाप । | 8. Signature and fingerprint of applicant's guardian. |
| ९. बैंक चेकबुकको प्रतिलिपी । | 9. Verified copy of Bank Cheque Book. |
| १०. प्यान कार्ड प्रतिलिपी । | 10. Copy of Pan Card. |
| ११. राष्ट्रिय परिचय पत्रको प्रतिलिपी । | 11. Copy of National ID. |

माथि उल्लेखित विवरण सत्य तथ्य रहेको र सो विवरणमा कुनै फरक परे कानून बमोजिम सहुँला, बुझाउँला ।

I/We hereby acknowledge that the above disclosed details are true. I further hereby consent to bear any legal actions in case any false disclosure of information related to me/us.

औंठा छाप / Thumb Print

| दायाँ / Right | बायाँ / Left |
|---|---|
| | |

....................................................

ग्राहकको हस्ताक्षर / Client's Signature

## कार्यलय प्रयोजनको लागि / For Official Use

| रुजु गर्ने | | प्रमाणित गर्ने | |
|---|---|---|---|
| नाम, थर: | | नाम, थर: | |
| पद: | | पद: | |
| हस्ताक्षर: | | हस्ताक्षर: | |
| मिति: | | मिति: | |

कार्यलयको नाम तथा छाप

**धितोपत्र कारोबार सञ्चालन विनियमावली २०७५ को विनियम १० संग सम्बन्धित**
**कारोबार सदस्य र ग्राहकबिचको सम्झौतापत्र**

कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भई नेपाल धितोपत्र बोर्डबाट धितोपत्र दलाल व्यवसायीको इजाजतपत्रप्राप्त गरी नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको कारोबार सदस्य रहेको कमलादी मोडमा रजिस्टर्ड कार्यालय भएको श्री मिडास स्टक ब्रोकिङ कम्पनी प्रा.लि. (उप्रान्त प्रथम पक्ष भनिनेछ)

**तथा**

प्रथमपक्ष मार्फत धितोपत्रको कारोबार गर्न/अनलाईन सुबिधा प्रयोग गर्ने ग्राहक संकेत नम्बर ................................................ हितग्राही खाता नं. ................................................ रहेको प्रदेश ........................... अञ्चल ........................... जिल्ला ........................... गा.पा./न.पा./उ.प.न.पा. ....................................... वडा ........ स्थायी ठेगाना भई हाल ................................................ स्थानमा बसोबास गर्ने श्री ................................................ को नाती/नातीनी बुहारी, श्री ................................................ को छोरा/छोरी वर्ष ........ को श्री/श्रीमती ................................................

**वा**

ग्राहक संकेत नम्बर ................................. कम्पनी रजिष्टर्डको कार्यालयमा दर्ता भई प्रदेश ............................. अञ्चल ............................. जिल्ला ............................. गा.पा./न.पा./उ.प.ना. ................................................ वडा ......... मा रजिष्टर्ड कार्यालय रहेको मेसर्स ................................................ ले (उप्रान्त दोस्रो पक्ष भनिने र सो शब्दले विषय वा प्रसंगले अन्यथा अर्थ लगाएकोमा बाहेक निजका उत्तराधिकारी र/वा कानुनी प्रतिनिधि समेतलाई जनाउने), बीच नेप्सेको कारोबार प्रणालीबाट कारोबार हुने विधि र आफैले कारोबार गर्ने सम्बन्धमा दोस्रो पक्षसँग आवश्यक ज्ञान रहेको मानी यो सम्झौता (उप्रान्त सम्झौता भनिने छ) सम्पन्न भएको छ।

यस सम्झौताका पक्षहरु निम्नलिखित शर्तहरु पालना गर्न मञ्जुर छन्:

१. प्रचलित धितोपत्र ऐन, नियम, विनियम, कार्यविधि तथा नेपाल राष्ट्र बैंक, बिमा समिति, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एन्ड क्लियरिङ लिमिटेड लगायतका नियामक निकायले समय समयमा जारी गरेका निर्देशिका, परिपत्र र निर्देशन समेतलाई यसै सम्झौतामा उल्लेख भए सरहमानी सम्झौताका पक्षहरुले सोको पालना गर्न मञ्जुर गर्दछन्।

२. दोस्रो पक्षले यस सम्झौता गर्दाको बखत वा यस भन्दा अघि प्रथमपक्षलाई दिएको सूचना, दोस्रो पक्षको ग्राहक परिचय विवरण (केवाइसी)मा भरेको विवरणमा कुनै फेरबदल भए, फेरबदल भएको ७ कार्य दिनभित्र प्रथम पक्षलाई जानकारी दिई आफ्नो पहिचान तथा खाताका विवरणहरु अद्यावधिक गराउन मञ्जुर गर्दछ।

३. म/हामीलाई धितोपत्र खरीद/बिक्री गर्न परेको हुँदा मेरो/हाम्रो नामबाट खरीद/बिक्री गर्दछु/गर्दछौं। उक्त धितोपत्र खरीद/बिक्री गरिदिए वापत नियमानुसार कारोवार कमिशन सेवा, शुल्क र पूंजिगत लाभकर दिन मेरो/हाम्रो मञ्जुर छ। कथमकदाचित उक्त धितोपत्र मैले/हामीले लिन इन्कार गरेमा त्यसबाट हुने हानी नोक्सानी व्यहोर्न तयार छु/छौं। कम्पनी ऐन २०५३ को दफा ५३ बमोजिम म/हामी वा मेरो/हाम्रो नजिकको नातेदार उक्त कम्पनी वा उक्त कम्पनीको सहायक कम्पनीमा संचालक, प्रबन्धक संचालक, लेखा परीक्षक, कम्पनी सचिव वा व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रूपले संलग्न छैन।

४. दोस्रो पक्ष धितोपत्रको कारोबार गर्न कानून बमोजिम अयोग्य ठहरिने कुनै अवस्था उत्पन्न भई कारवाहीमा परेमा, आर्थिक रुपमा टाट पल्टिएमा, विघटनमा गएमा, दामासाहीमा परेमा वा कर्जा सूचना केन्द्रको कालोसूचीमा परेमा वा अन्य कुनै कारणले कानूनत आर्थिक कारोवार गर्न असमर्थ भएमा प्रथम पक्षलाई तुरुन्त जानकारी दिन मञ्जुर गर्दछ।

५. दोस्रो पक्षले यस सम्झौतामा उल्लेख गरेको वा ग्राहक परिचय विवरण (केवाइसी) मा उल्लेख भएको इमेल ठेगाना वा मोबाइल नम्बरमा दोस्रो पक्षले प्रयोग गर्ने युजरनेम तथा पासवर्ड प्रथम पक्षले उपलब्ध गराउने छ। प्रथमपक्षले उपलब्ध गराएको वा सो पश्चात दोस्रो पक्षले परिर्वतन गरेको युजरनेम वा पासवर्डको गोपनियता कायम गर्ने र आफ्नो नियन्त्रणमा राख्ने दायित्व दोस्रो पक्षको हुनेछ।

६. दोश्रो पक्षले बिक्री कारोवार गर्दा मौज्दातमा धितोपत्र रहेको वा रहने कुनै एक हितग्राही खाता प्रथम पक्षलाई उपलब्ध गराउने छ। उक्त खाता अन्य धितोपत्र कारोवार सदस्यलाई दिने छैन। यदी एउटै खाता अन्य धितोपत्र कारोवार सदस्यलाई दिइहुने जोखिमको जिम्मेवारी दोस्रो पक्षले लिने छ।

७. दोस्रो पक्षलाई दिइएको युजरनेमबाट भए गरेको सम्पूर्ण कारोबारहरुको दायित्व बहन गर्ने तथा सो समयमा राफसाफ गर्ने जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

८. दोस्रो पक्षलाई प्रदान गरीएको युजरनेमको प्रयोग गरी सिर्जना हुने दायित्व तथा सम्झौतारत पक्ष र नेप्से समेतको सम्पत्तिमा कुनै हानी नोक्सानी भएमा सो प्रति दोस्रो पक्ष जिम्मेवार हुनेछ।

९. दोस्रो पक्षले आफ्नो युजरनेम प्रयोग गरी वा प्रथम पक्षलाई आदेश दिई बिक्री भएका धितोपत्रहरुको निर्देशनपूर्जी जारी गर्नुपर्ने दायित्व दोस्रो पक्षको हुनेछ। यसरी बिक्री भएको धितोपत्रको हस्तान्तरण दोस्रो पक्षले टि+१ रातीको १२ बजे भित्र प्रथम पक्षको राफसाफ खातामा जम्मा गर्न नसकी उक्त कारोवारको राफसाफ हुन नसकेमा सो बाट सिर्जित सम्पूर्ण दायित्व दोस्रो पक्षले वहन गर्नुपर्नेछ।

१०. दोस्रो पक्षले धितोपत्र बिक्री गरिसकेपछि सो धितोपत्रको आधार मूल्य प्रथमपक्षलाई राफसाफ समयको १ (एक) दिन पूर्व नै उपलब्ध गराउनु पर्नेछ। आधार मूल्य समयमा उपलब्ध नगराएमा, फर्जी वा गलत आधार मूल्यका कारण उत्पन्न हुने कानूनी तथा आर्थिक दायित्व वा हानी नोक्सानी दोस्रो पक्षले व्यहोर्न पर्नेछ।

११. दोस्रो पक्षले बिक्रि गरेको धितोपत्रको कारोबारमा लाग्ने कर, शुल्क, दस्तुर तथा अन्य प्रणालीगत शुल्कहरु तथा प्रथमपक्षले धितोपत्र खरीद बिक्री सम्वन्धमा थप सुविधा प्रदान गरेमा लाग्ने थप स्वीकृत दस्तुर कट्टा गरी बाँकी रकममात्र प्रथमपक्षले दोस्रो पक्षलाई भुक्तानी गर्नेछ।

१२. दोस्रो पक्षले खरीद आदेश प्रणालीमा प्रविष्ट गर्दा प्रथम पक्षले तोकेको कारोबार लिमिटको सीमाभित्र रही गर्नु पर्नेछ। दोस्रो पक्षले प्रथम पक्षलाई अग्रिम रुपमा बुझाएको रकमको ४ (चार) गुणा सम्म कारोबार लिमिट प्राप्त गर्न सक्नेछ। उक्त कारोबार सीमा दोस्रो पक्षले बुझाएको रकमको चार गुणा भन्दा बढी हुने छैन।

१२.१ दोस्रो पक्षले प्रथमपक्षलाई अग्रीम रुपमा बुझाएको रकम दोस्रो पक्षले खरिद गर्ने धितोपत्रबाट सृजना हुने कुल दायित्व रकममा समायोजन हुनेछ।

१२.२ दोस्रो पक्षले धितोपत्र खरिद गरे वापत सृजना हुने कुल दायित्व रकममा प्रथम पक्षलाई अग्रीम रुपमा बुझाएको रकम तथा दोस्रो पक्षले धितोपत्र विक्रि गरि प्रथम पक्षसंग भुक्तानी लिन बाकी भए सो समेत समायोजन गरि बाँकी रहेको दायित्व रकम कारोबारको राफसाफ हुनु भन्दा पहिले प्रथम पक्षलाई दोस्रो पक्षले भुक्तानी गर्नुपर्नेछ।

१२.३ दोसो पक्षले प्रथम पक्षलाई तिर्नपर्ने रकम कारोबार राफसाफ हुनुपूर्व भुक्तानी गर्न नसकेमा दोस्रो पक्षको नाममा खरिद भएको धितोपत्र प्रथम पक्षले बिक्रि गर्न सक्नेछ। तर दोस्रो पक्षले प्रथम पक्षसंग रकम तिर्ने समय माग गरेमा प्रथम पक्षले आफ्नो अनुकुलता हेरि दोस्रो पक्षले खरिद गरेको धितोपत्रको रकम भुक्तानी गर्न निश्चित समय दिन सक्नेछ।

१२.४ सर्त नं. १२.३ बमोजिम दोस्रो पक्षको कारोवार राफसाफ गर्न उपयोग भएको प्रथम पक्षको रकममा दोस्रो पक्षलाई दिएको थप निश्चित समयवधी सम्ममा दोसो पक्षले तिर्नपर्ने बाकी रकम प्रथम पक्षलाई उपलब्ध नगराए सम्मको वा दोस्रो पक्षको धितोपत्र बिक्रि गरी प्रथम पक्षलाई रकम प्राप्त नभएसम्मको समयावधीमा प्रथम पक्षले ब्यहोर्न परेको बास्तविक लागत थप गरि हुन आउने दायित्व दोस्रो पक्षले प्रथम पक्षलाई भुक्तानी गर्नु पर्नेछ वा दोस्रो पक्षलाई प्रथम पक्षले दिनुपर्ने हिसावमा कट्टा गर्न सक्नेछ।

१२.५ दोस्रो पक्षले प्रथम पक्षलाई बुझाएको अग्रिम रकममा दोस्रोपक्षले खरिद गर्ने धितोपत्रको राफसाफ नभएसम्मको अवधीसम्म प्रथम पक्षको राफसाफ खातामा रहदा प्रथम पक्षले बैंकबाट प्राप्त गर्ने प्रतिफल (खुद व्याज) दोस्रो पक्षलाई फिर्ता दिन मञ्जुर गर्दछ।

१२.६ प्रथम पक्षले दोस्रो पक्षसंग लिन पर्ने दायित्व रकमको लागत गणना तथा निर्धारण गर्दा प्रथम पक्षले बाणिज्य बैंकवाट ऋण लिंदा आफुले तिर्नु पर्ने ब्याजदरमा सेवा शुल्क वापत ........... प्रतिशत बिन्दुले लागत थप गरि दायित्व निर्धारण गरिनेछ।

१२.७ प्रथम पक्षले दोस्रो पक्षलाई धितोपत्र बिक्रि वापतको भुक्तानी दिनुपर्ने अवस्थामा काबु वाहिरको परिस्थिति सृजना भई भुक्तानी रोकिन गएमा तत्कालीन समयमा वाणिज्य बैंकहरुले आफ्ना ग्राहकलाई बचत खातामा दिने व्याज रकम थप गरि भुक्तानी रकम उपलब्ध गराउने छ।

१३. दोस्रो पक्षले कारोबार सीमाका लागि प्रथम पक्षलाई बुझाउने सबै किसिमका भुक्तानी चेक वा अन्य विद्युतीय माध्यमबाट गर्नुपर्नेछ।

१४. दोस्रो पक्षले कारोबार प्रयोजनका लागि प्रथम पक्षलाई उपलब्ध गराएको रकम तथा धितोपत्र कारोवार राफसाफ प्रयोजनमा मात्र प्रयोग गर्नुपर्नेछ।

१५. दुवै पक्षको आपसी सहमतिमा दोस्रो पक्षले प्रथम पक्षलाई यस्तो कारोबार सीमाको लागि आवश्यक अग्रिम भुक्तानी बैंक ग्यारेन्टी तथा कारोवार योग्य धितोपत्रहरुको माध्यमबाट पनि गर्न सक्ने छ। यस्तो धरौटी दोश्रो पक्षले आफनो दायित्व समयमा भुक्तानी नगरेमा प्रथम पक्षले दोस्रो पक्षलाई जानकारी दिई नगदमा परिणत गर्न सक्ने छ।

१६. कारोबार सीमा गणना प्रयोजनको लागि कारोबार योग्य धितोपत्रको मूल्यांकन बजार मूल्यको बढीमा ७० प्रतिशत सम्म गर्न सकिने छ। धितोपत्र तथा धितोपत्र बजारमा हुने सम्भावित जोखिमलाई मध्यनजर गरी प्रथमपक्षले दोस्रो पक्षलाई उपलब्ध गराएको कारोबार सीमा दोस्रो पक्षलाई जानकारी गराई फेरबदल गर्न सक्नेछ।

..........................................
**ग्राहकको हस्ताक्षर / Client's Signature**

१७. खरीद कारोबारपछि बाँकी रहेको रकम खरिद बिल बमोजिम दोस्रो पक्षले टि+२ भित्रमा प्रथम पक्षको खातामा जम्मा हुने गरी प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ । यसरी रकम उपलब्ध गराउँदा अग्रिम भुक्तानी रकममा उपलब्ध गराएको भए सो रकम समायोजन गर्ने सुविधा दोस्रो पक्षलाई हुनेछ ।

१८. खरिद कारोबार पश्चात दोस्रो पक्षले राफसाफ समय भित्रमा आफ्नो दायित्व पूरा नगरेमा टि+४ मा प्रथम पक्षले दोस्रो पक्षलाई जानकारी गराई दोस्रो पक्षकै नाममा खरिद गरिएको तथा जमानतमा लिइएको धितोपत्र बिक्री, बैंक जमानतबाट रकम र सो को लागत बापतको सोधभर्ना र नपुग रकम कानून बमोजिम असुल उपर गरि लिन सक्नेछ ।

१९. दोस्रो पक्षको धितोपत्र बिक्री गरि प्रथम पक्षको लेना रकम असुलउपर गरी रकम बाँकी रहेमा दोस्रो पक्षको अग्रिम भुक्तानी सम्मको रकम दोस्रो पक्षलाई फिर्ता गरी थप रकम बाँकी रहनगए धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ मा तोकिए बमोजिम हुनेछ ।

२०. दोस्रो पक्षले खरीद गरेको धितोपत्र खरिदबाट सिर्जित दायित्वहरु पुरा गरेपछि वा कारोवारको राफसाफको दिन मध्ये जुन पछी हुन्छ, यो को भोलिपल्ट ग्राहकको निक्षेप खाता पक्षले धितोपत्र हस्तान्तरण गर्नु पर्नेछ ।

२१. दोस्रो पक्षको नामवाट कारोवार भएपश्चात दोस्रो पक्षको मृत्यु भएमा, दामासाहीमा परेमा, मगज बिग्रिएमा वा अन्य कुनै कारणवाट दोस्रो पक्षको नामबाट भएका कारोवारका राफसाफ हुन नसक्ने स्थिति सिर्जना भएमा उक्त कारोबारको राफसाफको जिम्मेवारी निज वा निजको कानुनी उत्तराधिकारीको हुनेछ । कानुनी उत्तराधिकारीबाट पनि राफसाफ हुन नसकेमा प्रचलित कानून बमोजिम हुनेछ ।

२२. नियामक निकायहरुबाट कारोबारहरु रद्द भएमा वा रद्द गर्ने आदेश प्राप्त भएमा सो कारोवारहरु स्वत: रद्द हुनेछन । सोको दायित्व प्रथमपक्षले बहन गर्ने छैन ।

२३. दोस्रो पक्ष नावालक वा कानूनत: पक्षको रुपमा करार गर्न अयोग्य देखिएमा निजको संरक्षक वा प्रतिनिधिले यो सम्झौता गर्न सक्नेछ ।

२४. प्रथम पक्षको काबु बाहिरको परिस्थितिको कारणबाट उत्पन्न हुने कुनै पनि दायित्वमा प्रथम पक्ष जिम्मेवार हुने छैन ।

२५. दोस्रो पक्षले आफ्नो कारोवारको निम्ति आदेश दिन लिखित मञ्जुरी दिई प्रतिनिधि नियुक्ति गर्न सक्ने छ सो प्रतिनिधिवाट भएका सम्पूर्ण कारोबारहरु निज दोस्रो पक्षले नै गरेसरह मान्य हुनेछ ।

२६. धितोपत्रमा गरीने लगानीमा जोखिम हुन्छ भन्ने कुरामा दोस्रो पक्ष जानकार रहेको मानिनेछ र सो जोखिमबाट सिर्जित हुने हानी नोक्सानी प्रति दोस्रो पक्ष नै जिम्मेवार रहनेछ ।

२७. दोस्रो पक्षले निम्नलिखित माध्यमबाट कारोबार आदेश दिन सक्ने छ :

क. स्वयं उपस्थित भई लिखित आदेश ।

ख. टेलिफोन / मोबाइल फोन........................................................................

ग. ई-मेल..............................................................................................

घ. दोस्रो पक्षको युजरनेम.........................................................................

ङ. प्रथम पक्षको वेभसाइट www.midasstock.com.np

च. बैंकको नाम........................................................................................

छ. शाखा................................................................................................

ज. बैंक एकाउन्ट नं.................................................................................

झ. अन्य बिद्युतीय माध्यम..........................................................................

प्रथम पक्षले उल्लिखित माध्यमबाट आएका आदेशहरुलाई मात्र वैधानिक मान्यता दिई प्राथमिकताका आधारमा कारोबार प्रणालीमा आदेश प्रविष्टी गर्नेछ । नियमअनुसार उक्त आदेशहरुको सुरक्षित रेकर्डिङ्ग तथा भण्डारण प्रथमपक्षले गर्न सक्नेछ ।

२८. दोस्रो पक्षको मार्जिन कारोवार सुविधा उपयोग गर्ने भएमा सो सम्बन्धी सर्त तथा सुविधाहरु सम्बन्धित नियममा तोकिए बमोजिम हुनेछ ।

२९. दोस्रो पक्षले धितोपत्र कारोवार गर्दा उक्त धितोपत्र कारोवार गर्न प्रचलित कानुन वमोजिम आफु योग्य रहेको र सो धितोपत्रमा आफुले कानून बमोजिम धारण गर्न सक्ने सीमाभित्र रहि खरीद आदेश प्रविष्ट गर्नु पर्ने छ । सो नगरेबाट सिर्जित परिणाम तथा दायित्व दोस्रो पक्षको हुनेछ ।

३०. प्रचलित नीतिनियममा उल्लेख भएअनुसार वा सम्बन्धित निकायहरुबाट धितोपत्रको कारोबारको श्रोतको जानकारी गराउन आवश्यक रहेमा उक्त जानकारी कारोबार राफसाफ समय अवधी भित्र प्रथम पक्षलाई बुझाउन दोस्रो पक्ष मञ्जुर गर्दछ । दोस्रो पक्षले प्रचलित कानुन बमोजिम अवैधानिक नठहरीने रकमहरु मात्र धितोपत्रमा लगानी गर्नुपर्ने छ ।

३१. पक्षहरुबिच आपसि सहमतीमा एक महिनाको अग्रिम सूचना दिई यो सम्झौता रद्द गर्न सकिनेछ । सम्झौता रद्द गर्नु पूर्व पक्षहरुले आ-आफ्नो दायित्व पुरा गरेको हुनु पर्नेछ ।

३२. प्रचलित कानून बमोजिम प्रथम पक्षले व्यवसाय सञ्चालनका लागि प्राप्त गरेको इजाजत, अनुमतिपत्र, सदस्यता खारेज भइ कारोबार गर्न अयोग्य भएमा यो सम्झौता स्वत: खारेज हुनेछ । यसरी सम्झौता खारेज भएपनि बाँकी बक्यौता फछ्यौट गर्नुपर्ने दायित्व दुवै पक्षको हुनेछ ।

३३. यस सम्झौता अनुसार प्रथम पक्षले दिने अथवा आवश्यक हुने कुनै पनि जनाउ वा सञ्चार तोकिएको माध्यमबाट दोस्रो पक्षको अद्यावधिक ठेगानामा पठाए पश्चात दोस्रो पक्षले जानकारी पाए सरह हुनेछ ।

३४. सम्झौताका दुवै पक्षहरुले नेप्से अनलाइन कारोबार प्रणालीमा क्षति पुऱ्याउने कुनै पनि कार्य गर्ने छैनन् ।

३५. प्रथम पक्षले प्रचलित कानूनमा उल्लेख भएको अवस्थामा बाहेक दोस्रो पक्षको गोपनीयता कायम गर्नेछ ।

३६. पक्षहरुका बीचमा उत्पन्न हुन सक्ने विवाद तथा मत भिन्नताहरुको समाधान सकेसम्म आपसी सहमतिमा निराकरण गरिनेछ । आपसी सहमतीबाट समाधान गर्न नसकेमा धितोपत्र कारोवार सञ्चालन विनियमावली, २०७५ मा तोकिए बमोजिम हुनेछ ।

३७. दोस्रो पक्षले प्रथमपक्ष संग अनलाईन कारोबार सुविधा, एसएमएस लगाएतका अन्य सुबिधाहरु उपयोग गरे बापत तोकिएको शुल्क तिर्न मञ्जुर गर्दछ । दोस्रो पक्षले उल्लिखित सुबिधाहरु प्राप्त गर्न हरेक आर्थिक बर्षमा नविकरण शुल्क तिर्नु पर्नेछ ।

३८. यो सम्झौतामा उल्लेख तथा व्याख्या नभएका विषय प्रचलित नेपाल कानून, नियम, विनियम, निर्देशन तथा व्याख्या अनुसार हुनेछ ।

३९. यो सम्झौता दुवै पक्षले हस्ताक्षर गरेको मितिबाट लागु भई दुवै पक्षले एक अर्को प्रतिको आफ्नो दायीत्व फरफारक गरि रद्द नगरुन्जेल सम्म कायम रहने छ ।

४०. यो सम्झौता राम्ररी पढी, बुझी दुवै पक्ष हस्ताक्षर गर्न मञ्जुर गर्दछौं । हामी दुबै पक्षले यो सम्झौताको एक/एकप्रति लियौं दियौं ।

**प्रथम पक्षको तर्फबाट अधिकार प्राप्त**

**श्री मिडास स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.**

**व्यक्तिको नाम:**

**दस्तखत:**

**कम्पनीको छाप :**

**दोस्रो पक्षको तर्फबाट अधिकार प्राप्त**

**व्यक्तिको नाम :**

**दस्तखत :**

औंठा छाप :

| दायाँ | बायाँ |
|---|---|
| | |

**साक्षी**

१. .........................................................................................

**साक्षी**

१. नाम:..................................................................................

२. फोन नं.:............................................................................

इति सम्वत् ........... साल .................................. महिना .......................... गते रोज शुभम् ।